२२३५/४४०

राष्ट्रिय सूचना आयोग

प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा

सूचना आयुक्त किरणकुमार पोखरेल

**आदेश**

मु.नं. १९४/०७३/७४

निर्णय नं. ४४०

जिल्ला बारा, कलैया नगरपालिका-२० निवासी सर्फुल्लाह अंसारीसमेत ........................२ } पुनरावेदक

**विरूद्ध**

कार्यालय प्रमुख, नेपाल ग्रामिण पुनर्निमाण संस्था (आर. आर. एन.) कलैया, बारा ..........१ } विपक्षी

सूचना अधिकारी, नेपाल ग्रामिण पुनर्निमाण संस्था (आर. आर. एन.) कलैया, बारा .........१

**विषय :- माग बमोजिमको सूचना उपलब्ध गराउनू ।**

जिल्ला बारा, कलैया नगरपालिका-२० निवासी सर्फुल्लाह अंसारी समेतले नेपाल ग्रामिण पुनर्निमाण संस्था (आर. आर. एन.) कलैया, बारा समक्ष तपसिल बमोजिमको सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७३।०७।०८ मा पुनरावेदन गरेको । प्रस्तुत पुनरावेदनको सम्बन्धमा पुनराबेदकलाई माग बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी यस आयोगबाट मिति २०७३।०८।०५ मा नेपाल ग्रामिण पुनर्निमाण संस्था (आर. आर. एन.) कलैया, बाराको नाममा आदेश जारी भएको । उक्त आदेश कार्यान्वयनको निम्ति च. नं. ६९० मिति २०७३।०८।०६ को पत्रमार्फत पत्राचार गरिएको । आयोगको आदेश पश्चात पनि सूचना उपलब्ध नगराएकोले सूचना वद्नियतपूर्वक लुकाउनेहरुलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही गरी सूचना उपलब्ध गराई पाउँ भनी मिति २०७३।०९।१२ मा पुन: उजुरी गरेको ।

प्रस्तुत सन्दर्भमा वस्तुस्थितिको विश्लेषण गर्दा नेपाल ग्रामिण पुनर्निमाण संस्था (आर. आर. एन.) कलैया, बाराले पुनरावेदकले माग गरेको सूचना उपलब्ध गराउन नपर्ने कुनै कारण र तर्क देखिँदैन । साथै यस आयोगबाट आदेश जारी भएको लामो समयसम्म पनि पुनरावेदकलाई सूचना उपलब्ध गराएको जानकारी प्राप्त हुन नआएकोले के कति कारणले सूचना उपलब्ध गराउन आनाकानी गरेको हो ? सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ को सजाय तर्फ आयोगले प्रकिया अघि किन नबढाउने ? यसरी यत्ती लामो अबधिसम्म सूचना उपलब्ध नगराउनुको स्पष्ट कारण ७ (सात) दिन भित्र यस आयोगमा पठाउन र यस आयोगको मिति २०७३।०८।०५ को आदेश अनुसार तपसिल बमोजिमको सूचना ७ (सात) दिन भित्र उपलब्ध गराउनू भनी नेपाल ग्रामिण पुनर्निमाण संस्था (आर. आर. एन.) कलैया, बाराको कार्यालय प्रमुख र सूचना अधिकारीको नाममा यो आदेश जारी गरिएको छ । यो आदेशको पालना नभएमा निज कार्यालय प्रमुख र सूचना अधिकारीलाई सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ३२ बमोजिम कारबाही हुने व्यहोरा निजहरुलाई जानकारी दिनू । यसको जानकारी पुनराबेदकलाई पनि दिनू ।

१. आ. ब. २०७२/०७३ मा नेपाल ग्रामिण पुनर्निमाण संस्था (आर. आर. एन.) कलैया, बाराको कूल बजेट रकम कति थियो ? सो बजेट कुन कुन शीर्षकमा कहाँ कहाँ खर्च गरिए सोको बिबरण ।

२. नेपाल ग्रामिण पुनर्निमाण संस्था (आर. आर. एन.) कलैया, बारामा कार्यरत सम्पूर्ण कर्मचारीहरुको नामावली, योग्यता, पारिश्रमिक र सम्पर्क नम्बर सहितको बिवरण ।

(किरणकुमार पोखरेल)
सूचना आयुक्त

(कृष्णहरि बाँस्कोटा)
प्रमुख सूचना आयुक्त

ईति सम्वत् २०७३ साल माघ २४ गते रोज २ शुभम् ।